दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

**आगो, हिटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं ।**
- आगो तथा हीटर नजिकबाट नतापौं ।
- कागज, कपडा जस्ता छिटो जल्ने सामग्री आगो वा हिटरको नजिक नराखौं ।
-कोठामा आगो, हिटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं ।
- आगो तथा हिटर बन्द गरेर मात्र सुतौं ।
बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं ।
बालबालिका, बृद्ध वा बिरामीलाई आगो वा हिटर नजिक एक्लै नछोडौं ।
-घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
-आगो, हिटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं ।
नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष ३८ | अंक २७ | बुटवल | २०८२ माघ ०७ गते, बुधबार | नेपाल संवत ११४६ | Wednesday January 21, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

प्रतिनिधिसभा निर्वाचन :

# देशभर उत्साहजनकरूपमा उम्मेदवारी दर्ता

**१६५ वटा निर्वाचन क्षेत्रमध्ये सबैभन्दा बढी उम्मेदवारी रूपन्देहीमा परेको छ । यहाँ ५ पदका लागि १५९ जनाले उम्मेदवारी दर्ता गराएका छन् ।**

**मोहम्मद हबिब**

*बुटवल*

फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा देशभर उत्साहजनकरुपमा दलका नेता कार्यकर्ताको उपस्थितिकाबिच उम्मेदवारी दर्ता शान्तिपूर्णरुपमा सम्पन्न भएको छ । झापा ५ मा भने नेकपा एमाले र रास्वपा कार्यकर्ताबिच झडप भएको थियो ।

१६५ वटा निर्वाचन क्षेत्रमध्ये सबैभन्दा बढी उम्मेदवारी रुपन्देहीमा परेको छ । निर्वाचन आयोगका अनुसार रुपन्देही निर्वाचन क्षेत्र नम्बर २ मा ४१ जना र रुपन्देही निर्वाचन क्षेत्र नम्बर ३ मा ३६ जनाको उम्मेदवारी परेको छ ।

सबैभन्दा कम मुस्ताङमा ४ जनाको उम्मेदवारी परेको छ । मनाङमा ५ जनाको उम्मेदवारी दर्ता भएको छ । निर्वाचन आयोगका अनुसार साँझ ६ बजेसम्मको अपडेटअनुसार १६५ निर्वाचन क्षेत्रमा २ हजार ९३५ जनाको उम्मेदवारी परेको छ । जसमा पुरुष २ हजार ५८९ र महिला ३३६ जना छन् । साथै, अपांगता भएकाहरू ८५ जना र पीछडिएको क्षेत्रबाट १३८ जनाको उम्मेदवारी परेको छ ।

२७५ सदस्यीय प्रतिनिधिसभामा ११० जना समानुपातिक तर्फबाट र १६५ जना प्रत्यक्ष निर्वाचन प्रणालीतर्फबाट निर्वाचित हुन्छन् । समानुपातिकतर्फको मनोनयन गत १३ र १४ पुसमा भइसकेको छ । प्रत्यक्ष तर्फको मनोनयन मंगलबार भएको हो ।

**रूपन्देहीमा ५ पदका लागि १५९ जनाको उम्मेदवारी**

प्रतिनिधिसभा सदस्यको प्रत्यक्षतर्फको उम्मेदवारीको लागि रुपन्देहीबाट १ सय ५९ जनाले उम्मेदवारी दिएका छन् । रुपन्देहीको ५ वटा निर्वाचन क्षेत्रबाट सो संख्यामा उम्मेदवारले मनोनयन दर्ता गराएका हुन् ।

जिल्ला निर्वाचन कार्यालय रुपन्देहीकी प्रमुख निर्वाचन अधिकारी कल्पना अर्यालका अनुसार रुपन्देही क्षेत्र नम्बर १ बाट ३२ जना, क्षेत्र नम्बर २ बाट ४१ जना, क्षेत्र नम्बर ३ बाट ३६ जना, क्षेत्र नम्बर ४ बाट २२ जना र क्षेत्र नम्बर ५ बाट २८ जनाले मनोनयन दर्ता गराएका छन् । केहीको कागजातमा समस्या भएकोले संख्यामा केही फरक हुन सक्ने उनले बताइन् ।

कार्यालयका अनुसार स्वतन्त्र रुपमा उल्लेखीय रुपमा उम्मेदवारी दर्ता भएको छ । जसअनुसार क्षेत्र नम्बर १ मा १२, २ मा २०, ३ मा १७, ४ मा ७ र ५ मा ९ जना गरी ६५ जनाले स्वत्त्रन रुपमा उम्मेदवारी दिएका छन् भने ९४ जनाले दलबाट उम्मेदवारी दिएका छन् । उम्मेदवारी दिएका मध्ये न्यून मात्रामा महिला रहेका छन् ।

निर्वाचन आयोगले तोकेको मनोनयनको समयमा दल र स्वतन्त्रले सम्बन्धित निर्वाचन क्षेत्रका निर्वाचन अधिकृतको कार्यालयमा पुगेर उम्मेदवारी दर्ता गरेका हुन् ।

रुपन्देहीका मुख्य निर्वाचन अधिकृत अशोककुमार बस्नेतले शान्तिपूर्वक रुपमा उम्मेदवारी दर्ता भएको जनाए । यहाँ उत्साहका साथ सबै निर्वाचन क्षेत्रमा प्रमुख दल काँग्रेस, एमाले, नेकपा, राप्रपा, रास्वपा, जनमत, जसपा नेपाललगायत दलले मनोनयन दर्ता गरेका छन् । 'सबै दल र स्वतन्त्ररुपमा पनि पाँचवटै क्षेत्रमा मनोनयन भएको छ', उनले भने-'निकै उत्साहका साथ मनोनयन हुँदा सबै उत्साहित छौं ।' उनले निर्वाचन हुँदैन की भन्ने आशंकाहरु पनि मनोनयसँगै सकिएको बताए । 'अब, मुलुक निर्वाचनमा होमियो', उनले भने-'निर्वाचनलाई उत्सवका रुपमा मनाउनुपर्छ ।'

साँझ ५ बजेसम्म मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयमा प्रवेश गर्ने उम्मेदवारले दर्ता प्रक्रिया पूरा गरेका हुन् ।





निर्वाचन क्षेत्र नम्बर १ मा नेपाली काँग्रेसबाट हिराबहादुर केसी, एमालेबाट दधिराम न्यौपाने, रास्वपाबाट सुनिल लम्साल, राप्रपाबाट प्रज्ज्वल बोहरा, नेकपाबाट घनश्याम यादव, जसपाबाट मोहम्मद अस्लम खाँनलगायतको उम्मेदवारी परेको छ । यहाँ १ लाख ४६ हजार ८ सय २४ जना मतदाता छन् ।

यस्तै क्षेत्र नम्बर २ बाट नेकपा (एमाले) का उपाध्यक्ष विष्णुप्रसाद पौडेल, नेपाली काँग्रेसबाट चुन्नप्रसाद शर्मा पौडेल, रास्वपाबाट सुलभ खरेल, नेकपाबाट विश्वदीप पाण्डे, राप्रपाबाट कर्भिका थापा, जसपाबाट दीपक गुरुङलगायतको उम्मेदवारी परेको छ । यस्तै नेपाली जनता दलबाट राजु पौडेल, जनसेवा पार्टीबाट निकोलस भनिने कमल भुसाल, राष्ट्रिय जनमोर्चाबाट रुकबहादुर पराजुली, जनता समाजवादी पार्टी नेपालबाट दीपक गुरुङ, नेकपा माओवादीबाट वीरेन्द्र बिक, राष्ट्रिय जनमुक्ति पार्टीबाट केशवबहादुर थापा, श्रम संस्कृति पार्टीबाट भिमबहादुर गौतम, समावेशी समाजवादी पार्टीबाट देवेन्द्रबहादुर खत्री, प्रगतिशील लोकतान्त्रिक पार्टीबाट नारायणप्रसाद नागिला, मंगोल नेसनल अर्गनाइजेनबाट चन्द्र कुमारी गुरुङ, नेपाल मजदुर किसान पार्टीबाट रोशिना ब्यन्जु र नेसनल रिपब्लिक नेपालबाट थम्मन बहादुर बुढा मगरले मनोनयन दर्ता गरेका छन् ।

यस्तै स्वतन्त्रबाट हालै मात्र श्रम संस्कृति पार्टी परित्याग गरेकी लुम्बिनी प्रदेश सहसंयोजक सुशीला पुलामी मगरलगायत उम्मेदवार रहेका छन् ।

यहाँ १ लाख ३५ हजार ५० मतदाता रहेका छन् । उम्मेदवारी दर्तापछि पूर्वअर्थमन्त्री समेत रहेका एमाले उम्मेदवार पौडेलले रुपन्देही २ मा आफूले गरेका विकास निर्माणका कामको आधारमा प्रतिस्पर्धी कोही नभएको दाबी गरे । २०७४ को भन्दा बढी मतान्तरले चुनाव जित्ने उनको भनाइ छ । नेपाली कांग्रेसका उम्मेदवार चुन्न पौडेलले आफू पहिलोपटक नयाँ उम्मेदवार भएकाले मतदाताले जिताउने दाबी गरे । पौडेलले आफूले राजनीतिलाई पेशाको रुपमा नभई समाजसेवाको रुपमा लिएको बताए ।

२०७४ मा विष्णुले ४४ हजार ९ र नेपाली कांग्रेसका युवराज गिरीले २१ हजार ९४६ मत पाएका थिए ।

क्षेत्र नम्बर ३ मा नेपाली काँग्रेसबाट सुशील गुरुङ, एमालेबाट बासुदेव घिमिरे, रास्वपाबाट डा.लेखजंग थापा, राप्रपाबाट गौरब बोहरा, नेकपाबाट फैज अहम्मद खाँ, जसपा नेपालबाट श्रीनिवास यादवलगायतको उम्मेदवारी परेको छ । यहाँ १ लाख ४० हजार ३५ रहेका छन् ।

क्षेत्र नम्बर ४ मा नेपाली काँग्रेसबाट आशुतोष मिश्र, एमालेबाट प्रमोदकुमार यादव, रास्वपाबाट कन्हैया बनियाँ, जनमत पार्टीबाट भोपेन्द्र यादव, जसपा नेपालबाट सर्वेन्द्रनाथ शुक्ल, नेपाली कम्युनिष्ट पार्टीबाट बावुलाल यादव, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट अनिउद्दिन खानलगायतले उम्मेदवारी दर्ता गराएका छन् । यहाँ १ लाख १६ हजार १ सय ७२ मतदाता रहेका छन् ।

क्षेत्र नम्बर ५ मा नेपाली काँग्रेसबाट भरतकुमार शाह, एमालेबाट खिमलाल भट्टराई, रास्वपाबाट तौफिक अहमद खाँ, नेकपाबाट मोहम्मद वकिल मुसलमान, राप्रपाबाट मिनप्रसाद घिमिरे, जसपा नेपालबाट मोहम्मद वहिद फकिर लगायतको उम्मेदवारी परेको छ । यहाँ १ लाख ३४ हजार ४ सय ४२ मतदाता रहेका छन् ।

**१५ शीर्ष नेता को कहाँबाट उम्मेदवार ?**

जेनजी आन्दोलनका कारण सत्ताच्यूत भएका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली झापा-५ बाट उम्मेदवार भएका छन् । उनी यसअघि पनि सोही क्षेत्रबाट प्रतिनिधिसभा सदस्यमा विजयी भएका थिए ।

गत निर्वाचनमा एमाले अध्यक्ष ओली ५२ हजार ३१९ मतसहित विजयी हुँदा निकटतम् प्रतिद्वन्द्वी कांग्रेस नेता खगेन्द्र अधिकारीले २३ हजार ७४३ ल्याएका थिए ।

कांग्रेस तत्कालीन समयमा नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीसँग चुनावी तालमेलमा थिए । एमालेलाई राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले सघाएका थिए ।

ओली निर्वाचित क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सुरेशकुमार पोखरेल ११ हजार ७५९ मतसहित तेस्रो भएका थिए । अहिले ओलीलाई रास्वपाबाट बालेन शाहले चुनौती दिएका छन् । रास्वपाले उनलाई भावी प्रधानमन्त्री घोषणा गरेर निर्वाचनमा गएको छ । बालेन आइतबारमात्रै काठमाडौं महानगरपालिकाको प्रमुखबाट राजीनामा गरेर चुनावी अभियानमा होमिएका छन् ।

कांग्रेसका नवनिर्वाचित सभापति गगनकुमार थापाको सर्लाही-४ बाट उठ्ने भएका छन् । उनी काठमाडौं-४ बाट निर्वाचन लड्दै आएका थिए ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक तथा पूर्वप्रधानमन्त्री पुष्कपमल दाहाल 'प्रचण्ड' माओवादी विद्रोहको उद्गम थलो रूकुम पूर्वबाट उम्मेदवाी दर्ता गरेका छन् । प्रतिनिधिसभा निर्वाचन-२०७९ मा प्रचण्ड गोरखा-२ बाट निर्वाचित भएका थिए । तत्कालीन समयमा उनलाई कांग्रेस र एकीकृत समाजवादीले सघाएका थिए ।

गत निर्वाचनमा उदाएको रास्वपाका सभापति तथा पूर्वगृहमन्त्री रवि लामिछाने चितवन-२ बाट प्रतिष्पर्धा गर्दैछन् । प्रतिनिधिसभा निर्वाचन-२०७९ र उप-निर्वाचन-२०८० मा उनी यही क्षेत्रबाट निर्वाचित भएका थिए ।

लामिछानेले २०७९ मा ४९ हजार ३०० मतसहित शानदार जित निकालेका थिए । उक्त निर्वाचनमा कांग्रेसका निवर्तमान कोषाध्यक्ष उमेश श्रेष्ठले १४ हजार ९८८ मतका साथ दोस्रो स्थानमा चित्त बुझाउनु परेको थियो ।

दोहोरो नागरिकतासम्बन्धी मुद्दामा लामिछाने निलम्बनमा परेपछि २०८० मा उप-निर्वाचन भएको थियो । उप-निर्वाचनमा ५३ हजार १७६ मतसहित दोस्रोपल्ट विजयी भएका थिए । उप-निर्वाचनमा कांग्रेसले युवा नेता जीतनारायण श्रेष्ठलाई उम्मेदवार बनाएका थियो । उनी ११ हजार २१४ मतसहित दोस्रो भएका थिए ।

पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई गोरखा-२ मा उम्मेदवारी दर्ता गरेका छन् । गत निर्वाचनमा उनले पूर्वप्रधानमन्त्री प्रचण्डका लागि निर्वाचन क्षेत्र खाली गरिदिएका थिए ।

» बाँकी ३ पेजमा

## मेटमणिविरुद्ध कूलप्रसादको बागी उम्मेदवारी

दाङ । नेपाली कम्युनिस्ट पार्टीका नेता तथा लुम्बिनी प्रदेशका पूर्वमुख्यमन्त्री कुलप्रसाद केसीले स्वतन्त्र उम्मेदवारी दिएका छन् ।

दाङ क्षेत्र नम्बर १ स्थित निर्वाचन अधिकृतको कार्यालयमा पुगेर उनले स्वतन्त्र रूपमा मनोनयनपत्र दर्ता गराएका हुन् । पार्टीले सो क्षेत्रमा मेटमणि चौधरीलाई टिकट दिएपछि असन्तुष्ट भएका केसीले स्वतन्त्र उम्मेदवारी दिएका हुन् ।

उम्मेदवारी दर्तापछि केसीले देउखुरीमा प्रदेश राजधानी स्थापना गरेर इतिहास रचेको र अब समग्र विकासमा साझा नेतृत्वको रूपमा आफूले योगदान गर्न चाहेको बताए ।

चौधरीले टिकट पाउने थाहा पाएपछि केसीले स्वतन्त्र उम्मेदवारी दिने दुई दिनअघि नै चेतावनी दिएका थिए । केसी २०७४ मा रोल्पाबाट प्रदेशसभा सदस्य निर्वाचित भएका थिए । २०७९ मा भने उनले टिकट पाएका थिएनन् ।

# उम्मेदवार सिफारिस एउटाबाट, मनोनयन दर्ता अर्को दलबाट

चुनावमा उम्मेदवार बन्ने र जित्ने आकांक्षाले मनोनयन दर्ता गर्ने बेला दल बदल्दै कतिपय क्षेत्रमा उम्मेदवारी दर्ता भएको छ ।







**लुम्बिनी संवाददाता**

*बुटवल*

कपिलवस्तु-३ बाट कांग्रेसबाट एकल सिफारिस भएका थिए, वीरेन्द्र कनोडिया । कांग्रेसका पूराना राजनैतिक खेलाडी कनोडिया यसपाली दल बदलेर उम्मेदवार भए । उनले मंगलबार नेकपा एमालेबाट मनोनयन दर्ता गरे ।

एमाले अध्यक्ष केपी ओलीसँग छलफल गरी टिकटको निश्चित गरेपछि उनले एमाले प्रवेशको निर्णय लिएका हुन् । एकल सिफारिश भएका कनोडियाले किन कांग्रेस छाडे ? कांग्रेस पंक्ति आश्चर्यमा परेको छ । तर जानकारहरुका अनुसार, कांग्रेसभित्रको स्थानीय विवादले चुनाव जित्न सकिंदैन भन्ने निष्कर्षका कारण लामो राजनैतिक जीवन बिताएको दल छाडेर उनले एमाले रोजे ।

'कांग्रेस र साथीहरुसँग कुनै गुनासो छैन, चुनाव जित्नको लागि एमाले प्रवेश गरेको हुँ ।'-उनले भने । एमालेको मत र आफ्नो व्यक्तिगत मत जोडेर चुनावमा जित निकाल्न सकिने कनोडियाको आँकलन छ ।

रूपन्देही–४ बाट कांग्रेसबाट उम्मेदवारको सिफारिस भएपछि प्रमोद यादव टिकट पाउने कुरामा ढुक्क थिए । टिकटका लागि काठमाडौं पुगे । उनले पाउने निश्चित झैं भएको टिकट नपाउने भएपछि उनले एमालेबाट टिकट लिएर उम्मेदवारी दिएका छन् । एमालेले रूपन्देही–४ मा पहिले सुनिता ठटेरको उम्मेदवारी निश्चित गऱ्यो ।

उनले इच्छा नदेखाएपछि हजरत अलिलाई टिकट दियो । यादवले इच्छा देखाएपछि हजरतलाई दिएको टिकट रद्द गरिएको थियो । मर्चवार क्षेत्र रहेको रूपन्देही –४ एमालेको कमजोर क्षेत्र हो । यो क्षेत्रमा यादवले व्यक्तिगत मत र सांगठनिक मत जोडेर जित निकाल्ने योजना बनाएका छन् । कांग्रेसले यहाँ आशुतोष मिश्रलाई उम्मेदवार बनाएको छ ।

» बाँकी ३ पेजमा



## सम्पादकीय

# उम्मेदवार मनोनयनमा उत्साहको संकेत

आगामी फागुन २१ हुने प्रतिनिधिसभा सदस्य चुनावका लागि मंगलबार भएको मनोनयन दर्तामा उम्मेदवारको उत्साहजनक सहभागिता भएको छ। चुनावका बारेमा आशंका भइरहेका बेला मनोनयनमा देखिएको उत्साहले चुनावको वातावरण बनाउन विश्वासिलो आधार तयार गरेको छ। राजनैतिक दलका उम्मेदवार र स्वतन्त्र उम्मेदवारले समर्थकसहित मनोनयन दर्ताका लागि पुगेका छन्। प्रत्यक्षतर्फ साँझ ५ बजेसम्म २ हजार ६५५ उम्मेदवारी दर्ता भएको निर्वाचन आयोगले जानकारी दिएको छ। साँझ ५ बजेसम्म मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालय प्रवेश गरेकाले उम्मेदवारी दर्ता गर्न पाउनेछन्। कतिपय जिल्लामा रातिसम्म उम्मेदवारी दर्ता हुने भएकाले उम्मेदवारको संख्या बढ्न सक्ने देखिन्छ।

२७५ सदस्यीय प्रतिनिधिसभामा ११० जना समानुपातिक तर्फबाट र १६५ जना प्रत्यक्ष निर्वाचन प्रणाली तर्फबाट निर्वाचित हुने संवैधानिक व्यवस्था छ । समानुपातिकतर्फको मनोनयन गत पुस १३ र १४ गते भइसकेको छ। प्रत्यक्षतर्फको मनोनयन भइसकेपछि बल्ल चुनावी माहौल बढ्ने देखिन्छ। प्रतिनिधिसभाको कार्यकाल पाँच वर्षको हुन्छ। पाँच वर्ष कार्यकाल भएको प्रतिनिधिसभा विघटन भएपछि तीन वर्षमै चुनाव हुन लागेको हो। भदौ २३ र २४ गतेको जेनजी आन्दोलन र विध्वंशपछि प्रतिनिधिसभा विघटन भएपछि अहिले चुनावको बाध्यता आइलागेको हो। यो चुनाव यस अर्थमा महत्वपूर्ण छ कि अहिले संविधानले बाटो बिराएको छ, बाटो बिराएको संविधानलाई लयमा ल्याउन चुनाव नै अनिवार्य छ। संवैधानिक प्रबन्धअनुसार चुनावबाट आउने नेतृत्वले मुलुक सम्हाल्दा मात्रै मुलुकले लय समात्न सक्छ । घोषित मितिमा चुनाव नहुने र अन्तरिम सरकार लामो समयसम्म अघि जाँदा मुलुकमा अराजकता बढ्दा मुलुक थप कमजोर बन्ने भएकाले चुनाव तोकिएको मितिमा सम्पन्न गर्नु उत्तम विकल्प हो।

अहिले चुनावभन्दा संसद पुनःस्थापना उत्तम हो । प्रतिनिधिसभा विघटनका विषयमा सर्वोच्च अदालतमा मुद्दा परेकाले त्यसको छिनोफानो भएको छैन । यो विषयको छिनोफानो छिटो गरेर चुनावमा जानु राम्रो हुन्थ्यो। यो बाटो सहज हुन्थ्यो, तर अदालतमा प्रवेश गरेको विषयको टुंगो नलागी चुनावमा जानु राम्रो होइन् भनेर समाजमा टिप्पणी पनि भइरहेको छ । सर्वोच्च अदालतले संवेदनशील विषयमा छिटो अदालती प्रक्रिया टुंग्याउनुको साटो ढिलासुस्ती गरेर स्वंय अदालतप्रति प्रश्न उठ्ने वातावरण बनाएको छ। अझै पनि विषयवस्तुको संवेदनशीलता बुझेर छिटो न्यायिक निरुपण गर्न आवश्यक छ। अदालतले यस विषयमा छिटो टुंगो लगाउँदा सरकार, निर्वाचन आयोग, राजनैतिक दल र उम्मेदवार सबैलाई सहज हुन्छ।

चुनाव लोकतन्त्रको मेरूदण्ड हो। चुनाव तोकिएको समयमा हुन जति आवश्यक छ, त्यसलाई निष्पक्ष, भयरहित र शान्तिपूर्ण ढंगले सम्पन्न गर्न उत्तिकै आवश्यक छ। सरकार, निर्वाचन आयोग, राजनैतिक दल, उम्मेदवार, प्रेस र नागरिक समाजको साझा प्रयास र जिम्मेवारीपूर्वक हुने कार्यले मात्रै चुनाव निष्पक्ष सम्भव छ। निष्पक्ष र शान्तिपूर्ण चुनावका लागि सरकारले गर्ने प्रयासमा सहयोग र कमजोरीमा खबरदारी गर्दै अघि बढ्नु उत्तम हुन्छ।

# संसद पुनर्स्थापना गरी संविधान संशोधन गरेर मात्र निर्वाचन गर्नुपर्थ्यो



**झपेन्द्र जिसी**

सरकार र निर्वाचन आयोग निर्वाचन गराउने तयारीमा जुटिसकेको छ भने सर्वोच्च अदालतमा संसद पुनर्स्थापनाका लागि परेका सबै मुद्दाहरुको कुनै छिनोफानो भएको छैन। निर्वाचन आयोग र सरकारकाबिचमा सामान्य समन्वयन पनि छैन। मुलुक कता जाने हो अन्योल छ ।

२०८२ साल माघ ६ गते १६५ निर्वाचन क्षेत्रमै मतदान केन्द्रमा गई उम्मेदवारी दर्ता गरेका छन्। कतिपयले स्वतन्त्र ढंगले पनि उम्मेदवारी दर्ज गरेका छन्। विगत स्थानीय निर्वाचनमा काठमाडौं, धरान, कञ्चनपुर आदिमा स्वतन्त्र उम्मेदवारहरुले निर्वाचन जित्दा हैसिएकाहरुले मैले पनि निर्वाचन जित्न सक्छु भनेर हौसिएको देखिन्छ। म अरुभन्दा निकै लोकप्रिय (पपुलर) छु। यही पपुलारिटीले चुनाव जित्न सक्छु भन्ने परेको हुन सक्छ।

अरु त अरु पत्रकारिता जगत्बाट जनता जान्न चाहान्छन् भनेर मिडियामा कुर्लने ऋषि धमलासमेत रौतहटबाट निर्वाचन लड्न हौसिएका छन्। रौतहतबाट निर्वाचन लड्दै छन्।

राजनीति गर्न दर्शन, सिद्धान्त, विचार केही चाहिएन । टिनका बट्टाभित्र रोडा हालेर खर्लाङ् खर्लाङ् गरी जोडले बज्न सके लोकप्रिय भइने भयो ! कुनै नेता अभिनेता वा राष्ट्रसेवक कर्मचारीलाई विना तथ्य भ्रष्टाचारी, दुराचारी, व्यभिचारी भनेर खुइल्याउन र हिलो छ्याप्न सके लोकप्रिय भइने कस्तो मज्जा महान् नेपाली जनता पनि अचम्मका छन्। हुन त जनताको टिप्पणी गर्न हुन्न भन्छन्। मैले यो लेखमार्फत् जनताको अपमान र अवमूल्यान गर्न खोजेकै छैन्। त्यस्तो गर्दै गर्दिन। म जनतामा समर्पित अवश्य छु र हार्दिक सम्मान गर्न चाहान्छु।

तर जनताको बुझाइमा रहेका गलत विचार र त्यस्तो भ्रम छर्नेका विरुद्ध हिंसात्मक खड्ग चलाउने मेरो धर्म होइन, त्यस्तो म गर्दिन । यस्तो किन लेख्दै छु ? यसकारणले लेख्दैछु- रवि लामिछाने सिंधा कुरा जनतासँग भट्ट भट्टयाउँदै भटाउँदै स्थापित भए । मैले राम्रै मान्थे उनलाई, भ्रष्टाचार व्यभिचारको पर्दाफास गर्थे म झन् खुसी हुन्थें। र भन्थें-मिडियाकर्मी हुनु त रविजस्तो हुनुपर्छ भन्थें र तारिफका शब्दहरु खोजी खोजी रोजी रोजी लेख्थें।

तर झयाप्पै उनले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) खोलेर अध्यक्ष बने ! त्यतिखेर पनि म खुसी नै भएँ । चितवनबाट निर्वाचन लडेर सांसद बने उनी । सांसद बनेपछि कुनै पनि दलको बहुमत नआएको त्यो अवस्थामा उनलाई समेत समेटेर सरकार गठन गर्नु ठूला पार्टीहरुलाई बाध्यता नै थियो। त्यही मौकामा उनलाई सरकारमा जाने मौका जुर्‍यो । मलाई गृहमन्त्री दिए सरकारमा बस्छु अन्यथा बस्दिन भनेर बार्गिनिङ्ग गरे। बार्गिनिङ्ग कडा गरे। बाध्य भई उनलाई गृहमन्त्री बनाइयो। उनी गृहमन्त्री बने। त्यो सरकारमा मन्त्रीहरु फेरबदल भए। प्रधानमन्त्री फेरिएपछि मन्त्रीहरु पनि फेरिनु स्वाभाविकै थियो। फेरिए।

रवि मुहार हेर्दा हट्टाकट्टा युवा ! गालामा दारीसहित देखिन्थें । युवाहरुलाई आकर्षित गर्न एउटा नारा फैलाइयो- त्यो थियो-'गालामा दारी काँधमा जिम्मेवारी।'

यो नारालाई युवाहरुले राम्रै मानेका हुँदा रविप्रति युवाहरु आकर्षित भए र त्यतै त्यतै संगठित भएर चुनावमा उठे र कतिपय स्थानमा जिते पनि !

पछि थाहा हुँदै गयो-उनका चर्चिकला ! दुईवटा नागरिकता र दुईवटा पासपोर्ट समेत रहेछन्। गृहमन्त्री भइसकेका व्यक्तिको दुई दुईवटा नागरिकता र पासपोर्ट हुनु विडम्बना मात्र होइन। यो नेपालको संविधान र कानूनको समेत उपहास हो र थियो।

अदालतमा यही विषयलाई लिएर मुद्दा परेछ । मुद्दा फैसला हुँदा उनको सांसद पद पनि चट भयो । उनले आत्म स्वीकार गर्दै पुनः चितवन जिल्लाको ऐजन ऐजन निर्वाचन क्षेत्रबाट उप-निर्वाचनमा लडे र विजय हासिल गरे। कस्ता हुन् हाम्रा मतदाता ! कस्तो बुझाइ हो मतदाताको ! जे जुनसुकै अपराध गरे पनि मत दिने र जिताने।

पछि त झन् थप कुरा थाहा भयो उनले सहकारीहरुको रकम ब्रह्मलुट गरेका रहेछन्। सहकारी ठग पो रहेछन्। यो कुरा यो पंक्तिकारले आरोपित गर्न खोजेको कुरा होइन। यो त अदालती फैसलाको कुरा हो। अदालती फैसलाको मिसिल खोजेर पढे हुन्छ।

तर कतिपय सिंधा सादा नेपाली जनता भन्दैछन् । रविजी सदाचारी छन्, उनलाई त फसाइएको हो !

उनले कति विवाह गरे ! अमेरिकामा कति मुद्दा छन्, यो कुरा गर्न यहाँ वाञ्छनीय हुँदैन।

कुरो यति मात्र हो कि रवि लामिछाने अहिले निर्वाचनमा सिंगुडी खेल्दै अघि बढेका छन् । बालेन्द्र शाहलाई भावी प्रधानमन्त्रीको रुपमा अघि सारेका छन् । गालामा दारी काँधमा जिम्मेवारी भनी कुर्लने युवा जगत् पनि त्यतै मोडिएको र प्रत्यक्ष परोक्ष रुपमा त्यतै जोडिएको देखिन्छ।

प्रिय मित्रहरु ! सिंहदरबार जलाई दिइन्छ भनेर रास्वपाका वरिष्ठ नेता र रविद्वारा प्रस्तावित भावी प्रधानमन्त्री बालेन्द्र शाहले उद्गार व्यक्त गरेको मिडियाबाट आम नेपालीले सुनेकै छन्। सिंहदरबारलगायत राष्ट्रिय सम्पदामाथि आगजनी भइरहेको बेला तत्कालीन मेयर बालेनले दमकल नपठाउनु र सिंहदरबार जलाइन्छ भन्ने उद्गार प्रकट हुनु काकताली हो कि के हो ? कथित भावी प्रधानमन्त्रीको प्रस्ताव राख्ने रविले र कथित भावी प्रधानमन्त्री बालेन्द्रले आम जनतालाई प्रष्ट पार्न सक्नु पर्छ।

मेयर पदमा हुँदा सिंहदरबारजस्ता राष्ट्रिय सम्पदा जलाइन्छ भन्ने कथित भावी प्रधानमन्त्री साँच्चै प्रधानमन्त्री भने यो देश कहाँ पुग्ला ? सुदृढ होला कि ? विलय होला ? प्रश्नहरु उठिरहेका छन् । स्पष्टै छ मनको लड्डु घिउसित खा भन्छन् ! यिनले त मनको लड्डु घिउसित खानु मात्र नभएर अरु के हुन सक्छ र ? विचरा !

आदरणीय जनसमुदाय, भाद्र २३ र २४ को जेनजी नामक विद्रोहको साइनो सम्बन्ध कोकोसँग जोडिन्छ होला ? अहिले त रहस्यका पानाहरु खुल्दैछन् । कसरी ? जेनजी आन्दोलनको विध्वंसपछि बनेको सुशीला कार्की नेतृत्वको सरकारमा कस्ता कस्ता मान्छेहरु समाविष्ट भएका रहेछनन् ? कस्ताकस्ता गैरजिम्मेवार मन्त्री भएका रहेछन् ?

भन्नलाई त भन्थे यो सरकारको मुख्य काम फागुन २१ गते निर्वाचन गर्नु नै हो। तर मुख्य काम पूरा नहुँदै मन्त्रीहरु कुलमान सिंह घिसिङ, महावीर पुन, जगदीश अर्याल लगायत सबै जसो मन्त्रीहरुले राजीनामा दिइसकेका छन्। गृहमन्त्री, स्वास्थ्यमन्त्री बाहेक सबै निर्वाचनमा हुम्मिसकेका छन् । धन्न सुशीला कार्कीले राजीनामा दिएकी छैनन् र सरकार छ भन्नलाई मात्र छ। निर्वाचन सम्पन्न नहुँदै, कुन-कुन मन्त्रीको हालत के हुने हो केही ठेगान छैन। स्वतन्त्र नागरिक सरकार भने पनि यी अनुहारहरु बारबरा फाउण्डेशन र विदेशीहरुका एजेन्ट नै रहेछन् भन्ने उनीहरुको चरित्रले प्रदर्शन गरिरहेको छ। कथित जेनजीहरु त प्रयोग मात्र भएका रहेछन् भन्ने अब उदाङ्ग भइसकेको छ । जेनजी विद्रोहको नाममा प्रमुख रुपमा यिनै मन्त्रीहरुले नै अगुवाइ गरेको देखियो।

के यसको समाधान निर्वाचन सम्पन्न गरेर होला त ? के निर्वाचन पछि शान्ति, स्थिरता आउँला त ? अथवा लोकतन्त्रले गति लेला त ? सबै शंकाको गर्तमा छ। शान्ति, स्थिरता भए त राम्रै हो, तर गाह्रो देखिन्छ । तर सम्भव देखिंदैन । निर्वाचनमा सबै दलहरु होमिइसकेका छन् । निर्वाचन आयोगले निर्वाचन गराउन लागेको छ । सम्पूर्ण निर्वाचनको काम पूरा भएको जनाएको छ। अस्थिरताको प्रमुख कारण एउटा मात्र दलले आवश्यक बहुमत ल्याई सरकार गठन गर्न सक्ने आधार छैन। यसका लागि संविधान र निर्वाचन नियमावली संशोधन गरेर निर्वाचन गर्नु राम्रो हुने थियो। तर भएन ! म्याद गुज्रेको छ। सरकार र निर्वाचन आयोग निर्वाचन गराउने तयारीमा जुटिसकेको छ भने सर्वोच्च अदालतमा संसद पुनर्स्थापनाका लागि परेका सबै मुद्दाहरुको कुनै छिनोफानो भएको छैन । निर्वाचन आयोग र सरकारका बीचमा सामान्य समन्वयन पनि छैन । मुलुक कता जाने हो अन्योल छ । केही मानिस मेसो न भाँतीसँग रवि ! रवि !! बालेन ! बालेन भनेर फेसबुकमार्फत् रमाउँदै छन् । बुझ्न न सुझ्न त्यसै त्यसै प्रलाप गर्दैछन्। चोर र ठगहरु राष्ट्रिय सम्पदा जलाउनेहरुको हाई हाई चल्दो छ। किन होला ? शिव ! शिव !

उपसंहारः बीचैमा सरकारबाट राजीनामा दिने र महानगरपालिकाबाट राजीनामा दिने यी दुष्टहरुलाई पराजित गर्नु मतदाताको कर्तव्य हो। राष्ट्र र लोकतन्त्र बचाउने उपाय हो।

# नेप्से परिसूचकमा ४२ अंकको वृद्धि



काठमाडौं । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा मंगलबार उच्च अङ्कको वृद्धिसँगै कारोबार रकममा पनि उल्लेख्य सुधार देखिएको छ। नेप्से परिसूचक ४२ दशमलव २६ अङ्कले बढेर दुई हजार ७१४ दशमलव ८१ को बिन्दुमा कायम भएको हो। यो एक दशमलव ५८ प्रतिशतको वृद्धि हो।

३३९ कम्पनीको दुई करोड ५१ लाख ८५ हजार ६४७ कित्ता शेयर एक लाख १५ हजार १८१ पटक खरिदबिक्री हुँदा रु ११ अर्ब ८५ करोड ८४ लाख २१ हजार ७० बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

कारोबारमा सबै समूहको उपसूचक बढेको छ। बैङ्किङ एक दशमलव २४, विकास बैङ्क एक दशमलव ४५, वित्त शून्य दशमलव ९७, होटल तथा पर्यटन तीन दशमलव ३६, जलविद्युत् एक दशमलव ७७ र लगानी समूह दुई दशमलव ५४ प्रतिशतले बढेको छ। त्यस्तै, जीवन बिमा एक दशमलव ८६, उत्पादन तथा प्रशोधन एक दशमलव ३९, लघुवित्त एक दशमलव ५४, म्युचुअल फन्ड एक दशमलव ०४, निर्जीवन बिमा एक दशमलव ६५, व्यापार शून्य दशमलव ३७ र अन्य समूह एक दशमलव ४४ प्रतिशतले बढेको छ।

कारोबारमा गुर्खाज फाइनान्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै गुमाउनेमा भने एसबिएल डिबेञ्चर २०८९ को शेयर मूल्य चार दशमलव २३ प्रतिशतले घटेको छ।

# एक दिनमा कति अण्डा खाने ? के–के पोषक तत्व पाइन्छ ?

'दैनिक एउटा स्याउको सेवनले डाक्टरलाई टाढा राख्छ' स्वस्थ्य खानपानका विषयमा उदाहरण दिनुपर्दा सबैभन्दा बढी भनिँदै आइरहेको भनाइ हो यो। स्याउ पोषिलो खानेकुरा रहेको र यसले मानिसलाई स्वस्थ राख्न मद्दत गर्ने भएकाले बिरामी भएर डाक्टरकहाँ जानुपर्दैन अवस्था नआउनसक्छ भनेर नै यो भनिँदै आइरहेको हो।

तर अण्डा चाँही कति खाने त ? अण्डाका विषयमा स्याउको जस्तो एक दिनमा एउटा भन्ने भनाइ पनि छैन। त्यसो भए एक दिनमा कति अण्डा खाँदा राम्रो होला त ?

पोषणविदहरुका अनुसार व्यक्तिको उमेर, जीवनशैली, तौल, स्वास्थ्य अवस्थालगायतका कुरा अनुसार कति अण्डा खाने भन्ने कुरा निर्भर रहन्छ। बच्चा, वयस्क र वृद्धावस्था अनुसार पनि अण्डाको सेवनमा फरक पर्न सक्छ। यसका साथै बिरामी वा स्वास्थ्य अवस्थाअनुसार पनि अण्डाको सेवनमा फरक पर्न सक्छ।

सामान्यतया स्वस्थ वयस्क व्यक्तिले दिनमा २ अण्डा खान उपयुक्त मानिन्छ । अण्डामा कोलेस्टेरोल पनि हुने भएकाले स्वस्थ वयस्क व्यक्तिले कुनै दिन अन्य खानाको स्रोतबाट धेरै कोलेस्टरोल लिएको भएमा एउटा मात्र अण्डा खाँदा राम्रो मानिन्छ। उच्च कोलेस्ट्रोल भएकाहरूले हप्तामा ४ देखि ५ वटा अण्डाभन्दा बढी नखान सुझाव दिइन्छ।

बच्चा र किशोरको हकमा पनि दिनमा १-२ अण्डा खान सुझाब दिइन्छ । यसका साथै उनीहरूको समग्र खानपान सन्तुलित हुनुपर्ने विषयमा पनि उत्तिकै ख्याल राख्नुपर्छ।

गर्भवती महिलाले चिकित्सक तथा पोषणविद्को सल्लाहमा दिनमा एक देखि दुई वटा अन्डा सेवन गर्न सक्छन्।

अण्डा प्रोटिनको राम्रो स्रोत हो र सन्तुलित खानाको लागि उपयुक्त छ। तर, अण्डाको पहेँलो भागमा कोलेस्ट्रोल धेरै हुन्छ, जुन प्रति अण्डा करिब २०० मिलिग्राम हुन्छ। सामान्यतया एक दिनमा खाना मार्फत ३०० मिलिग्रामभन्दा बढी कोलेस्ट्रोल लिनु हुँदैन। त्यसैले, धेरै अण्डा मात्र खाने बानी बसाल्नु राम्रो होइन। तर, धेरै खान नहुने भनेर अण्डा पूरै छोड्नु पनि पर्दैन।

अण्डामा प्रोटिन मात्र होइन, भिटामिन डी, आइरन र अन्य उपयोगी पोषक तत्वहरू पनि पाइन्छ।

धेरै परिश्रम गर्ने, जीम तथा भारी मात्रामा व्यायाम गर्नेहरुले पनि दिनमा दुई वा त्योभन्दा बढी अण्डा खानुपर्ने भएमा पोषणविद वा चिकित्सकहरुको सल्लाह लिएर मात्र खानुपर्छ । यदि तपाईं सामान्यभन्दा बढी अण्डा खान चाहनुहुन्छ भने, अण्डाको पहेँलो भाग नखानुहोस् । यसले कोलेस्ट्रोलको मात्रा कम गर्छ। यद्यपि, अण्डाको धेरैजसो पोषक तत्व पहेँलो भागमा हुन्छ, त्यसैले त्यो नखाँदा तपाईंले केही पोषण गुमाउन सक्नुहुन्छ। तर, कम्तीमा तपाईं बिहानको खानामा केही अतिरिक्त अण्डा खान सक्नुहुन्छ !

**अण्डाको पोषक तत्व**

**पहेँलो भागमा पाइने पोषक तत्वहरू:**

कोलेस्ट्रोलः प्रति अण्डामा करिब २०० मिलिग्राम कोलेस्ट्रोल हुन्छ। स्वस्थ व्यक्तिका लागि यो सामान्य भए पनि उच्च कोलेस्ट्रोल भएकाले कम खानुपर्छ।

भिटामिन डीः हड्डी र रोग प्रतिरोधी क्षमता बलियो बनाउन मद्दत गर्छ। यो सूर्यको किरणबाहेक कम खानेकुरामा पाइन्छ।

भिटामिन एः आँखाको स्वास्थ्य र छालाका लागि महत्वपूर्ण।

भिटामिन बी १२ः स्नायु प्रणाली र रक्तकोष निर्माणमा सहयोगी।

कोलिनः मस्तिष्कको विकास र सम्झने शक्तिका लागि आवश्यक। यो गर्भवती महिलाहरूका लागि विशेष लाभकारी छ।

आइरनः रक्तअल्पता (एनीमिया) बाट बचाउन मद्दत गर्छ।

स्वस्थ बोसोः पहेँलो भागमा मोनोअनसेचुरेटेड र सेचुरेटेड फ्याट हुन्छ, जुन ऊर्जाका लागि उपयोगी छ।

**सेतो भागमा पाइने पोषक तत्वहरू:**

प्रोटिनः उच्च गुणस्तरको प्रोटिन (लगभग ३.६ ग्राम प्रति अण्डा) मांसपेशी निर्माण र मर्मतका लागि महत्वपूर्ण।

कम क्यालोरीः सेतो भागमा कोलेस्ट्रोल र बोसो हुँदैन, त्यसैले तौल नियन्त्रण गर्न चाहनेहरूका लागि उपयुक्त हुन्छ।

स्वास्थ्य खबरबाट

# कांग्रेस आधिकारिकता विवाद १५ दिनभित्र टुंगो लाग्ने



बुटवल। नेपाली कांग्रेसको आधिकारिकता विवादमा परेको रिटमा सर्वोच्च अदालतले अन्तरिम आदेश दिन अस्वीकार गरेको छ।

सर्वोच्च अदालतका न्यायाधीश सुनिलकुमार पोखरेलको इजलासले अन्तरिम आदेश दिन अस्वीकार गरेको हो।

योसँगै अब गगन थापा नेतृत्वको कांग्रेसलाई अघि बढ्न बाटो खुलेको छ। शेरबहादुर देउवा समेत २ जनाको तर्फबाट सर्वोच्चमा रिट दायर भएको थियो। निर्वाचन आयोग समेतलाई विपक्षी बनाउँदै देउवा पक्ष अदालत गएको थियो।

गगन थापा-विश्वप्रकाश शर्मा पक्षले विशेष महाधिवेश गरेर नयाँ नेतृत्व चयन गरेका थिए। यसविरुद्ध विशेष महाधिवेश नै अवैधानिक भन्दै देउवा पक्ष निर्वाचन आयोग पुगेको थियो।

आयोगले नवनिर्वाचित टिमलाई नै वैधानिकता दिएको थियो। त्यसपछि देउवा पक्ष सर्वोच्च पुगेको हो। विशेष महाधिवेशनबाट गगन थापा सभापति निर्वाचित भएका छन्। निर्वाचन आयोगले पनि थापा नेतृत्वकै समितिलाई आधिकारिकता प्रदान गरेको छ।

फागुन २१ मा हुने प्रतिनिधिसभा निर्वाचनको प्रत्यक्षतर्फको उम्मेदवारको टिकटमा थापाले नै हस्ताक्षर गरेर टिकट वितरण गरेका छन्।

सोही अनुसार उम्मेदवारहरूले उम्मेदवारी दिएका छन्। कांग्रेसको आधिकारिकता विवादमा १५ दिनभित्रै अन्तिम सुनुवाइ गर्नका लागि अग्राधिकार प्रदान गर्न आदेश दिएको छ।

शेरबहादुर देउवा समेत २ जनाको तर्फबाट सर्वोच्चमा रिट दायर भएको थियो। निर्वाचन आयोग समेतलाई विपक्षी बनाउँदै देउवा पक्ष अदालत गएको थियो।

उक्त रिट निवेदनमा जटिल एवं गम्भीर कानुनी तथा संवैधानिक प्रश्न उठाइएको र यी प्रश्नहरू छिटो निरुपण हुन आवश्यक देखिएकोले विपक्षीहरूको लिखित जवाफ परेको वा अवधि व्यतित भएको मितिले १५ दिनभित्र अन्तिम सुनुवाइ गर्न सर्वोच्चले भनेको छ।

गगन थापा-विश्वप्रकाश शर्मा पक्षले विशेष महाधिवेश गरेर नयाँ नेतृत्व चयन गरेका थिए। यसविरुद्ध विशेष महाधिवेश नै अवैधानिक भन्दै देउवा पक्ष निर्वाचन आयोग पुगेको थियो।

आयोगले नवनिर्वाचित टिमलाई नै वैधानिकता दिएको थियो। त्यसपछि देउवा पक्ष सर्वोच्च पुगेको हो।

विशेष महाधिवेशनबाट गगन थापा सभापति निर्वाचित भएका छन्। निर्वाचन आयोगले पनि थापा नेतृत्वकै समितिलाई आधिकारिकता प्रदान गरेको छ।

फागुन २१ मा हुने प्रतिनिधिसभा निर्वाचनको प्रत्यक्षतर्फको उम्मेदवारको टिकटमा थापाले नै हस्ताक्षर गरेर टिकट वितरण गरेका छन्।

# तिर्न बाँकी सरकारी ऋण २८ खर्ब नाघ्यो




बुटवल। नेपालको सार्वजनिक ऋण २८ खर्ब नाघेको छ। चालु आर्थिक वर्ष २०८२/८३ को सुरु हुँदा कूल सार्वजनिक ऋण रु २६ खर्ब ७४ अर्ब चार करोड रहेकोमा पुस मसान्तसम्ममा रु एक खर्ब ३२ अर्ब ३४ करोड थप वृद्धि भई रु २८ खर्ब छ अर्ब ३९ करोड पुगेको हो।

हाल सरकारले तिर्न बाँकी कूल सरकारी ऋण कूल गार्हस्थ्य उत्पादनको ४५ दशमलव ९५ प्रतिशत बराबर हुन आउँछ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार गत कूल सार्वजनिक ऋणमा वैदेशिक ऋणको हिस्सा ५३ प्रतिशतअर्थात् रु १४ खर्ब ८७ अर्ब २६ करोड २२ लाख र आन्तरिक ऋणको हिस्सा ४७ प्रतिशतअर्थात् रु १३ खर्ब १९ अर्ब १३ करोड १० लाख रहेको छ। कूल गार्हस्थ्य उत्पादनको आधारमा आन्तरिक ऋणको अनुपात २१ दशमलव ६० र बाह्य ऋणको अनुपात २४ दशमलव ३५ प्रतिशत रहेको छ।

सरकारले चालु आवका लागि रु पाँच खर्ब ९५ अर्ब बराबर सार्वजनिक ऋण उठाउने लक्ष्य राखेको छ। अर्धवार्षिक समीक्षा अवधिसम्ममा रु दुई खर्ब १४ अर्ब ५५ करोड प्राप्ति भइसकेको छ। जुन वार्षिक लक्ष्यको ३६ दशमलव ०२ प्रतिशत हुन आउँछ।

पछिल्लो छ महिनामा सरकारले उठाएको ऋणमा आन्तरिक ऋणको हिस्सा ८२ दशमलव ८१ र बाह्य ऋणको हिस्सा १७ दशमलव १९ प्रतिशत रहेको कार्यालयले जनाएको छ। सरकारले चालु आवका लागि रु तीन खर्ब ६२ अर्ब आन्तरिक ऋण उठाउने लक्ष्य राखेकोमा पुस मसान्तसम्ममा रु एक खर्ब ७७ अर्ब ६६ करोड ६९ लाख बराबर उठाइसकेको छ। त्यस्तै, बाह्य ऋणतर्फ रु दुई खर्ब ३३ अर्ब ६६ करोड ३१ लाख उठाउने सरकारी लक्ष्य रहेकोमा हालसम्म रु ३६ अर्ब ८९ करोड २२ लाख मात्रै उठाएको छ।

सार्वजनिक ऋणको साँवा ब्याज भुक्तानीमा पनि पछिल्लो छ महिनामा ठूलो रकम खर्च भएको छ। सार्वजनिक ऋणको साँवा ब्याज तिर्न सरकारले चालु आवका लागि रु चार खर्ब ११ अर्ब एक करोड बजेट विनियोजन गरेकोमा गत पुस मसान्तसम्ममा रु एक खर्ब ८७ अर्ब १२ करोड भुक्तानी भइसकेको छ।

जसमध्ये आन्तरिक ऋणको साँवा ब्याज भुक्तानीका लागि रु एक खर्ब ५५ अर्ब १३ लाख ५४ हजार र बाह्य ऋण तिर्नका लागि रु ३१ अर्ब ९९ करोड १२ खर्च भएको छ।

त्यस्तै, आन्तरिक र बाह्य दुवै शीर्षकका ऋणको साँवा भुक्तानीका लागि पछिल्लो छ महिनामा रु एक खर्ब ५२ अर्ब ८९ करोड र ब्याज भुक्तानीका लागि रु ३४ अर्ब २३ करोड खर्च भएको कार्यालयले जनाएको छ।

कूल गार्हस्थ्य उत्पादनको आधारमा पुस मसान्तसम्मको कूल ऋण सेवा खर्च तीन दशमलव ०६ प्रतिशत हुन आउँछ।

## देशभर...

उनले यसपालि प्रगतिशिल लोकतान्त्रिक पार्टी (प्रलोपा)को चुनाव चिन्हमा उम्मेदवारी दिएका हुन्। गोरखा-२ मा कांग्रेसले प्रकाशचन्द्र दवाडी र नेकपाले युवा नेता लेखनाथ न्यौपानेलाई उम्मेदवार बनाएको छ। एमालेबाट आपराधिक पृष्ठभूमिका चक्रे मिलन उम्मेदवार बनेका छन्। रास्पाले यो क्षेत्रमा गत निर्वाचनकै उम्मेदवार कबिन्द्र बुर्लाकोटीलाई दोहोऱ्याएको छ।

जेनजी आन्दोलनपछि गठित सरकारमा तीनवटा मन्त्रालय हाँकेका कुलमान घिसिङ काठमाडौं-३ बाट पहिलो पटक संसदीय निर्वाचनमा प्रतिष्पर्धा गर्न उम्मेदवारी दर्ता गरेका छन्।

धरान उप-महानगरपालिकाको प्रमुखबाट राजीनामा दिएका हर्क साम्पाङ्ले सुनसरी-१ मा उम्मेदवारी दर्ता गरेका छन्।

पूर्वप्रधानमन्त्री प्रचण्डपुत्री रेणु दाहाल चितवन-३ मा उम्मेदवारी दर्ता गरेकी छन्।

जनमत पार्टीका अध्यक्ष सिके राउतले सप्तरी २ मा उम्मेदवारी दर्ता गरेका छन्।

उनी गत निर्वाचनमा पनि यही क्षेत्रबाट चुनाव लडेका थिए। उनले जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवलाई हराएका थिए।

राप्रपाका अध्यक्ष राजेन्द्र लिंङ्देनले यसअघि नै उनले चुनाव जित्दै आएको क्षेत्र झापा ३ मा उम्मेदवारी दर्ता गरेका छन्।

एमालेका महासचिव शंकर पोखरेलले दाङ-२ बाट उम्मेदवारी दर्ता गरेका छन्।

कांग्रेस महामन्त्री प्रदीप पौडेल काठमाडौं-५ मा उम्मेदवारी दर्ता गरेका छन्।

यो क्षेत्रमा एमालेका पूर्व वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले पनि उम्मेदवारी दर्ता गरेका छन्।

## उम्मेदवार...

यादव २०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा सोही क्षेत्रमा नेपाली कांग्रेसबाट निर्वाचित भएका थिए। २०७९ सालको निर्वाचनमा भने लोकतान्त्रिक समाजवादी पार्टीका सर्वेन्द्रनाथ शुक्लाले यादवलाई पराजित गरेका थिए। यसअघिको चुनावमा पनि उनले एमाले प्रवेश गर्ने तयारी गरेका थिए, तर कांग्रेस नेताहरुको चौतर्फी दबाबपछि एमाले प्रवेशको कार्यक्रम रद्द गरेका थिए।

कपिलवस्तु–२ बाट कांग्रेसले अन्य केही आकांक्षीसहित विक्रमसिंह थापालाई पनि सिफारिस गरेको थियो। पूर्व एसएसपी थापा अहिले रास्वपाबाट मनोनयन दर्ता गरेका छन्।

२०७९ सालको चुनावमा प्रदेशसभा सदस्यमा उम्मेदवार भइ पराजित भएका थापा अहिले कांग्रेसबाट उम्मेदवार हुने टुंगो नभएको र पाइहाले पनि पार्टीभित्रको किचलोले असहयोग हुन सक्ने आँकलन गर्दै नयाँ दल रोजेको उनका निकटवर्तीहरुको भनाइ छ।

**मुन्नाबाबु हिस्स**

पश्चिम नवलपरासीमा नेपाली कांग्रेसका नेता तथा पूर्वगृहराज्यमन्त्री देवेन्द्रराज कँडेल 'मुन्नाबाबु' ले पार्टीको आधिकारिक पत्रसहित मनोनयन दर्ता गराउन पुग्दा अर्का नेता भीमबहादुर थापा भरतले मनोनयन गरिसकेको थाहा पाए।

पश्चिमनवलपरासी–२ मा पार्टी केन्द्रको टिकट लिएर सुनवल नगरपालिकाका पूर्वमेयर भीमबहादुर थापा (भरत) र कँडेल जिल्ला आएका हुन्।

उनीहरू दुवैजनाले आफूलाई आधिकारिक उम्मेदवारको दाबी गरेका छन्। दुवैजनाले गगन थापाले हस्ताक्षर गरेको टिकट ल्याएका छन्।

भरतले सुरुमै नै निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारी दर्ता गराइसकेका थिए। उनको प्रस्तावकमा केन्द्रीय सदस्य राधेश्याम पाठक र समर्थकमा यमलाल भुसाल छन्।

निर्वाचन अधिकृतको कार्यालयले थापाको उम्मेदवारीलाई ७ नम्बरमा दर्ता गरेको छ। कँडेलले मनोनयन फाराम दिएर कम्प्युटर इन्ट्री गर्ने बेला थापाको उम्मेदवारी परिसकेको देखिएको थियो। अहिले उनको मनोनयन कागजमा मात्रै दर्ता गरेर राखिएको छ।

निर्वाचन अधिकृतको कार्यालयले दुवै पत्रको आधाकारिकता बुझ्रेर निर्णय गर्ने जनाएको छ।

सहायक निर्वाचन अधिकृत प्रेमनारायण पराजुलीले एकै पार्टीको दुई उम्मेदवारको मनोनयन दर्ता नहुने बताउँदै पछि आएका देवेन्द्रराज कँडेलको कपीमा दर्ता गरेर राखेको बताए। उनले भने–'यसबारे सम्बन्धित पार्टीसँग बुझ्रेर आधिकारिकताको निर्णय भोलि लिनेछौं।'

**INVITING BIDS FOR CONSTRUCTION OFMEDICINE STORE ROOM AT ECHS POLYCLINIC, EMBASSY OF INDIA, BUTWAL (NEPAL)**

1. Sealed tender documents/quotations are invited directly fromreputed bidders for construction of medicine store roomat ECHS PolyclinicButwal, Embassy of India, Butwal (Nepal).
2. The last day of receipt of offer in sealed envelope is on or before 04 Feb2026 at 1700 hrs. The notice is also available on website www.indembkathmandu.gov.in.The bid documents can be collected from Embassy of India, District Soldier Board, Butwal (Nepal) Tele No 9857082826.
3. The bidder may visit the above site before submitting the bid.
4. Overall lowest bidder will be selected incase multiple venders/firms quote the same rate/price quoted by the Bidder as per the Price Format.

**Officer in Charge ECHS Polyclinic Embassy of India, District Soldier Board Butwal (Nepal)**
**Phone: 9857082826**

## काठ दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सुचना

दोस्रो पटक सुचना प्रकाशन मिति २०८२/१० /०७

श्री जनउदय सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई समूहको घाटगद्दीमा विभिन्न लट बनाई राखिएको विभिन्न जातको जम्मा गोलिया ३३८ थान जम्मा परिमाण काठ ३७४७.४३ क्यू फिट जे जस्तो अवश्थामा छ सोहि अवश्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी गोप्य शिलवन्दी लिलाम बढावट प्रकृयाद्धारा विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र बोलपत्र फाराम खरिद गरि १६ दिन शिलबन्दि बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री जनउदय सामुदायिक वन उपभोक्ता समुह**
सुनवल-३, नवलपरासी

## Shree Maulakalika Disable Care Organization
### Kawasoti-08 Nawalparasi (Ba.Su.Pu.)

## Invitation for Bid

Date of Publication: 2082-10-07 (2026-01-21)

1. Shree Maulakalika Disable Care Organization Kawasoti-08 , Nawalparasi (Ba.Su.Pu.) invites the bids from duly registered eligible bidders for the Construction Of Given Below .Mentioned Works Under National Competitive Bidding (NCB)-Single Stage –Two envelope Bidding Procedure. Bidding is open to all eligible Nepalese Bidders.

| S. N | Contract No. | Description of the Work | Minimum Construction Avg. Turnover | Construction Similar size and nature | Construction Key Activity | Minimum Bid Security Amount (NRs) and its validity period | Non Refundable fee for Bidding Document NRs |
|---|---|---|---|---|---|---|---|
| 1 | MDCO/ Works /NCB-01 /082-83 | Construction Of Maulakalika Disable Care Organization | NPR 54000000.00 | One RCC Building Construction in NPR 14400000.00 Without Vat | M20 and Above=264 Cum Reinforcement =42 MT | 990000.00 (valid for 120 days from the date of bid opening) | 5000.00 |

2. Eligible Bidders may be obtain further information and inspect the bidding Document at the office of Shree Maulakalika Disable Care Organization Kawasoti-08 Nawalparasi (Ba.Su.Pu.) Contract Nos. 9845716329,9841925441.
3. A complete Set of Bidding For Purchasing Bid Document,Shree Maulakalika Disable Care Organization Kawasoti-08 By elligble on the Submission of a written application, along with copy of Company /firm registration certificate, Tax clearance and upon payment of a non-refundable fee of Nrs.5000.till , 2082/11/06 in During Office hours.
4. Sealed bid must be submitted to the office ofShree Maulakalika Disable Care Organization Kawasoti-08 by hand on or before 12:00 PM on 2082/11/07. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of bidders representatives who choice to attend 14:00 Hours 2082-11-07 at the office of Shree Maulakalika Disable Care Organization Kawasoti-08, Nawalparasi (Ba.Su.Pu.)
6 .The Shree Maulakalika Disable Care Organization Kawasoti-08 reserves the right to accept or reject any proposal also the Shree Maulakalika Disable Care Organization Kawasoti-08 reservethe right to award the contract partially or fully.

Office Chief

## सूचना

नेपाल नेत्रज्योति संघ, लुम्बिनी नेत्रविज्ञान अध्ययन संस्थान तथा रिसर्च सेन्टर/श्री रण अम्बिका शाह आँखा अस्पताल र यस अस्पताल अर्न्तगतका निकायहरुको पदपूर्ति गर्न यस संघले यहि मिति २०८२/०८/२४ गते कर्मचारी आवश्यकता सम्बन्धि बिज्ञापन सूचना निकाली सकेको र सो को अन्तरवार्ता मिति २०८२/१०/०९ र १६ गते तोकेको तर हाल निर्वाचन आचार संहिता लागू भएको हुँदा अर्को सूचना नभए सम्मको लागि सम्पूर्ण अन्तरवार्ता कार्यक्रम स्थगित गरिएको यसै सुचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

थप बिस्तृत जानकारीको लागि

**नेपाल नेत्र ज्योति संघ**
रुपन्देही शाखा
फोन नं.०७१-५२४३३६

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल–१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**गुइँठा बनाउँदै:**
दाङको घोराही उप-महानगरपालिका-१६ स्थित बाहुनडाँडा गाउँका स्थानीय थारू महिला गाईबस्तुको गोबरबाट गुइँठा बनाउँदै । ग्रामीण बस्तीमा दाउरा तथा ग्यासको विकल्पका रूपमा अझै पनि गुइँठाको प्रयोग हुने गर्दछ। तस्विर : कुलदीप न्यौपाने / रासस

# रविको मुद्दा फिर्ता लिने निर्णयविरुद्धको मुद्दामा सक्कल फाइल झिकाउन आदेश



बुटवल । सर्वोच्च अदालतले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेको सहकारी ठगीसम्बन्धी प्रकरणको मुद्दा महान्यायाधिवक्ताले फिर्ता लिने निर्णयविरुद्धको मुद्दामा गम्भीर संवैधानिक तथा कानुनी प्रश्न उठेको भन्दै लिखित जवाफ पेश गर्न र सक्कल फाइल झिकाउन आदेश दिएको छ।

न्यायाधीश अब्दुल अजीज मुसलमानको एकल इजलासले युवराज पौडेलले दायर गरेको उत्प्रेषण रिट निवेदनमाथि प्रारम्भिक सुनुवाइ गर्दै महान्यायाधिवक्ताको कार्यालय तथा विपक्षीमध्ये रवि लामिछानेका नाममा म्याद सूचना जारी गर्ने आदेश गरेको हो ।

इजलासले निवेदकको माग बमोजिम आदेश किन जारी हुन नपर्ने हो भन्ने स्पष्ट कारण र सबुद प्रमाणसहित बाटोको म्याद बाहेक १५ दिनभित्र लिखित जवाफ पेश गर्न महान्यायाधिवक्ताको कार्यालयमार्फत् विपक्षीलाई निर्देशन दिएको छ । रवि लामिछानेले भने आफैँ वा कानुनबमोजिमको प्रतिनिधिमार्फत् जवाफ पेश गर्नुपर्ने आदेशमा उल्लेख छ।

निवेदकको तर्फबाट वरिष्ठ अधिवक्ता सुरेन्द्र भण्डारी, टिकाराम भट्टराई तथा अधिवक्ता निशान्तबाबु खड्काले बहस गरेका थिए । बहसपछि अदालतले अन्तरिम आदेशको मागतर्फ पनि विचार गरेको छ।

अदालतले महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार, सरकारी वकिलले सरकारी मुद्दा दायर गर्ने तथा फिर्ता लिन सक्ने प्रक्रिया, साथै मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ३६ मा उल्लेखित अभियोगपत्र संशोधनसम्बन्धी कानुनी व्यवस्थाको दायरा र सीमाबारे गम्भीर संवैधानिक तथा कानुनी प्रश्न निरुपण गर्नुपर्ने देखिएको ठहर गरेको छ।

यसै कारण दुवै पक्षको जिकिर सुनी मात्र अन्तरिम आदेश जारी गर्ने वा नगर्ने निष्कर्षमा पुग्नु न्यायोचित हुने भन्दै अदालतले आगामी बिहीबार छलफलका लागि पेशी तोकेको छ।

उक्त दिनका लागि अदालतले रवि लामिछानेले अभियोगपत्र संशोधनका विषयमा महान्यायाधिवक्ताको कार्यालयमा दिएको निवेदन, त्यससँग पेश भएका प्रमाण, साथै महान्यायाधिवक्ताले गत पुष ३० मा गरेको निर्णयसहितको सक्कल फाइल झिकाई सुनुवाइका क्रममा पेश गर्न आदेश दिएको छ। साथै जिल्ला सरकारी वकिल कार्यालयबाट रवि लामिछाने उपर दायर भएका विभिन्न मुद्दामा अभियोगपत्र संशोधनका आधार देखिने थप प्रमाण भए सोसमेत पेश गर्न निर्देशन दिइएको छ।

सर्वोच्च अदालतले यस मुद्दालाई अग्राधिकारसहित प्राथमिकतामा राखी सुनुवाइ गर्नसमेत आदेश दिएको छ।

# चितवन राष्ट्रिय निकुञ्जले उच्च सतर्कता बढायो




चितवन । प्रतिनिधिसभा निर्वाचन २०८२ को मिति नजिकिँदै जाँदा चितवन राष्ट्रिय निकुञ्जभित्र चोरी सिकारी हुनसक्ने जनाउँदै उच्च सतर्कता बढाएको छ। निर्वाचनका समयमा नयाँ मानिसहरूको आवतजावत बढ्ने र चोरी सिकारी हुनसक्ने भएकाले उच्च सतर्कता अपनाइएको हो।

निकुञ्जका सूचना अधिकारी अविनास थापामगरका अनुसार अहिले स्थानीय, सरोकारवाला निकायहरूसँगको सहकार्यमा सुरक्षा व्यवस्था मिलाइएको छ। निकुञ्ज सुरक्षार्थ खटिएका नेपाली सेना, निकुञ्ज प्रशासनले आन्तरिक तथा बाह्य सुरक्षाको व्यवस्था गरेको छ।

निर्वाचन लागेपछि चोरी सिकारीको खतरा बढ्ने भएकाले निकुञ्जले त्यहीअनुसार व्यवस्थापन गरेको उनले बताए । निकुञ्ज क्षेत्रको कोर इलाकाभित्र र मध्यवर्ती एवं आसपासका क्षेत्रमा सुरक्षा व्यवस्था बलियो बनाइएको छ।

उनका अनुसार चोरी सिकारी नियन्त्रण युवा जागरण अभियान, मध्यवर्ती सामुदायिक वनका पदाधिकारी तथा कर्मचारी र स्थानीयलाई निर्वाचनको समयमा सजग हुन आग्रह गरिएको छ।

उनले भने-"प्रतिनिधिसभा निर्वाचनको समयमा निकुञ्ज सुरक्षाका लागि हामी तयार छौँ ।" निकुञ्जभित्र र आसपासका क्षेत्रमा गस्ती बढाउने, एम्बुसिङ, स्विमिङलगायत कामलाई निरन्तर कायम राखिने छ। ९५२.६३ वर्ग किलोमिटरमा फैलिएको निकुञ्जमा २२ वटा मध्यवर्ती उपभोक्ता समिति छन् । निकुञ्जभित्र स्थायी ५७ वटा र अस्थायी तीनवटा पोष्ट छन् । उनले भने- "सबै पोष्टलाई उच्च सतर्कमा रहन भनिएको छ । कर्मचारी पनि सोहीअनुसार परिचालन गरिएको छ।"

पटिहानी मध्यवर्ती उपभोक्ता समितिका अध्यक्ष साजनकुमार महतो निर्वाचन नजिकिएसँगै उपभोक्ता समितिले पनि उच्च सतर्कता अपनाएको बताउँछन्।

निर्वाचनको समयमा नकारात्मक सोच राखेका व्यक्ति सलबलाउन सक्ने भएकाले सबै उपभोक्तासहितले आ-आफ्नो ठाउँबाट चनाखो भएर काम गरेको उनले जनाए। उनले भने-"चोरी सिकारी हुनसक्छ कि भनेर निगरानी बढाइएको छ। चनाखो रहन सबै उपभोक्तालाई आग्रह गरिएको छ।" उपभोक्ता समितिहरू वन्यजन्तु संरक्षणका लागि सधैँ एक भएर काम गर्दै आएको उनको भनाइ छ।

अहिले निकुञ्ज क्षेत्रमा रहेका मध्यवर्ती उपभोक्ता समितिहरूको निर्वाचन पनि भइराखेकाले केही बढी सक्रियता बढेको छभने संरक्षण शिक्षाका बारेमा पनि ज्ञान दिइँदै आएको छ।

निकुञ्जका प्रमुख संरक्षण अधिकृत डा गणेश पन्त निर्वाचनको समयमा सबैको ध्यान निर्वाचनतर्फ केन्द्रित हुँदा चोरी सिकार हुनसक्ने भएकाले पूर्वतयारीस्वरुप कडाइका साथ काम गरिएको बताउँछन्। उनले भने-"हामी सधैँ चनाखो अवस्थामा रहन्छौँ, यतिबेला थप चनाखो बनेका छौँ।"

# दुर्घटनामा दुई जनाको मृत्यु




वालिङ। स्याङ्जामा मंगलबार दिउँसो ट्र्याक्टर दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ।

वालिङ-चापाकोट पक्की सडकखण्डअन्तर्गत वालिङ-७ धोडेपानीमा लु ३ त ५१७३ नम्बरको ट्र्याक्टर दुर्घटना हुँदा वालिङ-७ केवरेका ६५ वर्षीय डोलराज कोइराला र कैलालीको टीकापुर-७ का ३५ वर्षीय राजकुमार चौधरीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका सूचना अधिकारी प्रसन्नराज चौधरीले जानकारी दिए।

ट्र्याक्टर दुर्घटनामा परी घाइते भएका सबैलाई वालिङस्थित गहौँ प्राथमिक अस्पताल पठाइएकोमा चिकित्सकले अपराह्न ४:०० बजे मृत घोषणा गरेका थिए।

ट्र्याक्टर दुर्घटनामा परी घाइते हुनेमा ट्र्याक्टर चालक पश्चिम नवलपरासी सरल गाउँपालिका-१ अनन्दनगर बस्ने २८ वर्षीय लालबहादुर सुनार, कैलालीको लम्की नगरपालिका-५ पाँचचौर बस्ने २२ वर्षीय श्याम चौधरी, लम्की नगरपालिकाकै ३९ वर्षीय लक्ष्मण चौधरी र दाङको राप्ती गाउँपालिका-५ बस्ने ३५ वर्षीय हुकुमबहादुर दर्लामी घाइते भएका सूचना अधिकारी चौधरीले जानकारी दिए । घाइते भएका चार जनालाई थप उपचारका लागि पोखरा पठाइएको छ।

वालिङबाट ढुङ्गा लिएर चापाकोटतर्फ जाँदै गरेको उक्त ट्र्याक्टर अनियन्त्रित भई सडकबाट झण्डै १० मिटर तल खोल्सामा खसेको हो।

# नेपालगञ्ज-गुलरिया हुलाकी राजमार्ग : पेडारीमा निर्माणाधीन पुल अन्तिम चरणमा



राँझा (बाँके) । नेपालगञ्ज-गुलरिया हुलाकी राजमार्गअन्तर्गत खजुरा गाउँपालिका-३ स्थित पेडारी नालामा निर्माणाधीन चार लेन पुल अन्तिम चरणमा छ। पुल निर्माण सम्पन्न गर्ने सम्झौता २०८३ बैशाख १८ गतेसम्म भए पनि निर्माणको गति हेर्दा समयावधिभन्दा अगावै पुल निर्माण हुने हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय नेपालगन्जका योजना प्रमुख लीलाबहादुर भण्डारीले जानकारी दिए।

उनले भने-"खजुरावासीले भोगिरहेको लामो समयदेखिको सास्ती अबको केही समयमै अन्त्य हुनेछ, निर्माण कम्पनीले तोकिएको समयभन्दा अगावै सम्पन्न गर्नेगरी काम अघि बढाएको छ।" काम छिटो गर्ने नाममा गुणस्तरमा सम्झौता नहोस् भन्नका लागि हुलाकी राजमार्ग निर्देशनालयले नियमित रूपमा कार्यस्थलमै पुगेर अनुगमन गरिरहेको छ । नेपालगञ्ज-गुलरिया सडक खण्डकै लाइफ लाइन मानिने यो पुलले बाँके र बर्दियाको आवागमनलाई थप सहज र सुरक्षित बनाउने विश्वास गरिएको छ।

नयाँ निर्माण गर्न लागिएको पुल २२ मिटर चौडाइ र ३४.४ मिटर लम्बाइको छ। पुलको दुवैतर्फ दुई सय मिटर एप्रोच सडक पनि निर्माण गरिनेछ । नारायणम निर्माण सेवासँग २०८३ बैशाख १८ गतेभित्र निर्माण सम्पन्न गर्नेगरी भ्याटसहित रु आठ करोड ९६ लाखमा ठेक्का सम्झौता भएको थियो।

खजुरा गाउँपालिका अध्यक्ष डम्बर विकले खजुरावासीको निरन्तरको पहलले यो काम सम्भव भएको उल्लेख गर्दै भने-"खजुरावासीको लामो समयदेखिको सपना पूरा हुँदैछ, निर्माण कम्पनीको काम गर्ने शैलीबाट हामी सबै उत्साहित छौँ।"

उनका अनुसार खजुराका स्थानीय बासिन्दामात्र होइन, यहाँबाट दैनिक ओहोरदोहोर गर्ने यात्रुहरू पनि पुल निर्माणको गति देखेर खुसी छन् । वर्षाको समयमा नाला थुनिएर सडकमा पानी आउँदा घण्टौँसम्म यातायात अवरुद्ध हुने समस्या अब इतिहास बन्नेछ।

खजुरामा चार लेन सडक भए पनि वर्षौँ पहिले निर्माण भएको साँघुरो र जीर्ण पुल भएका कारण सानो वर्षातमा समेत नालाको पानी सडक भएर बग्दा बर्षायाममा आवागमन प्रभावित हुने गरेको थियो।

# एक करोड दुई लाख ३० हजार थान मतपत्र छपाइ



काठमाडौँ । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मतपत्र छपाइको जिम्मा पाएको जनक शिक्षा सामग्री केन्द्रले हालसम्म समानुपातिकतर्फको एक करोड दुई लाख ३० हजार थान मतपत्र छपाइ गरेको छ।

केन्द्रले उपलब्ध गराएको विवरणअनुसार पछिल्लो २४ घण्टामा मात्रै १३ लाख १३ हजार मतपत्र छपाइ भएको हो । निर्वाचन आयोगले उपलब्ध गराएको समानुपातिकतर्फको कूल दुई करोड आठ लाख ३० हजार थान मतपत्र छपाइ गर्नुपर्नेछ। केन्द्रले हालसम्म ५० प्रतिशत मतपत्रको छपाइ गरिसकेको छ।

यस्तै, केन्द्रले आयोगलाई कूल १० लाख ९८ हजार २०० थान मतपत्र उपलब्ध गराइसकेको छ। केन्द्रले पछिल्लो २४ घण्टामा एक हजार ४३१ बाकस मतपत्रको प्याकिङसमेत सम्पन्न गरेको छ। कूल सात हजार ८४१ बाकस मतपत्र प्याकिङ भइसकेको र १२ हजार ९८९ बाकस भने बाँकी छ।

प्रत्यक्षतर्फको मतपत्र भने उम्मेदवारको मनोनय, दाबी विरोधको प्रक्रिया सम्पन्न भई अन्तिम नामावली प्रकाशन गर्ने र उम्मेदवारलाई चुनाव चिन्ह प्रदान गरिसकेपछि सुरु हुने जनक शिक्षा सामग्री केन्द्रले जनाएको छ।

# अर्घाखाँचीमा १५ जना उम्मेदवार

**लक्ष्मण घिमिरे**
*अर्घाखाँची*

आगामी फागुन २१ गतेको निर्वाचनका लागि १५ जनाले उम्मेदवारी दर्ता गराएका छन्।

अर्घाखाँचीमा एक महिलासहित १५ जनाले उम्मेदवारी दर्ता गरेको मुख्य निर्वाचन अधिकृत शिवलाल पाण्डेले जानकारी दिएका छन् । एक मात्र निर्वाचन क्षेत्र रहेको अर्घाखाँचीमा प्रतिनिधिसभाको लागि नेपाली कांग्रेसबाट विष्णुप्रसाद खनाल (मुस्कान) को उम्मेदवारी दर्ता भएको छ। नेपाली कांग्रेस लुम्बिनी प्रदेशका सहमहामन्त्री समेत रहेका मुस्कानले पार्टीकातर्फबाट उम्मेदवारी दर्ता गरेका हुन्।

नेकपा एमालेबाट पिताम्बर भुसालको उम्मेदवारी परेको छ। नेकपा एमालेका जिल्ला अध्यक्ष रहेका भुसाललाई एमालेले उम्मेदवारी बनाएको हो।

नेपाली कम्युनिस्ट पाटीको तर्फबाट रामबहादुर चौहान, राष्ट्रिय स्वतन्त्र पाटीबाट हरिप्रसाद भुसाल, नेकपा (माओवादी)बाट खिमबहादुर घर्ती, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट झविन्द्र फुल्लेल, राष्ट्रिय जनमोर्चाबाट पशुपति ढकाल, प्रगतिशील लोकतान्त्रिक पार्टीबाट पुस्करनाथ आचार्य र स्वतन्त्र उम्मेदवार रवि शाहले उम्मेदवारी दिएका छन्।

महिला उम्मेदवार स्वतन्त्रबाट एक जनाको मात्र परेको छ। पम्फा श्रेष्ठले स्वतन्त्र उम्मेदवारी दिएकी छन्। त्यस्तै मंगल नेशनल अर्गनाइजेसन पाटीबाट सूर्यबहादुर गुरुङ, जनता समाजवादी पार्टीबाट टुकबहादुर चेवाली, आम जनता पार्टीबाट दुर्गाबहादुर भाट क्षेत्री, नेशनल रिपब्लिक नेपालबाट विष्णु बहादुर गाहा, स्वतन्त्रबाट र हिमाल भुसालले उम्मेद्वारी दिएका छन्।

आ-आफ्ना समर्थक, नेता तथा कार्यकर्तासहित सबै दल र स्वतन्त्र उम्मेदवारले मनोनयन दर्ता गराएका हुन्।

मनोनयनसँगै चुनावी माहोल सुरु भएको छ। चोक-चोकमा भेला हुने तथा प्रचारप्रसार अभियानमा दलहरु केन्द्रित भएका छन्। पहिलेका निर्वाचनमा जस्तै नेपाली कांग्रेस र नेकपा एमालेबिच कडा प्रतिस्पर्धा हुने आँकलन गरिएको छ । उदाउँदो शक्ति रास्वपालाई पनि कम आँक्न नमिल्ने कतिपयको धारणा छ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com